# समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरुको अवस्था

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन**
**विभाग स्नातकोत्तर तह एम्.एड्. द्वितीय वर्षको**
**आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत**

**शोधपत्र**


शोधार्थी
**फर्सराम आचार्य**
एम्.एड्. दोस्रो वर्ष
क्याम्पस रोलनं. : ०६ (२०६२/०६४)
त्रि.वि.दर्ता नं. १५५६-८८
परीक्षा रोलनं. : ३०८००२० (२०६४)



**शिक्षा योजना तथा व्यवस्थापन विभाग**
**तानसेन बहुमुखी क्याम्पस**
तानसेन, पाल्पा
२०६७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय अन्तरगत तानसेन बहुमुखीक्याम्पस शिक्षा शास्त्र संकाय, शिक्षा योजना तथा व्यावस्थापन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीको निमित्त एम्.एड्. द्धितीय वर्षका छात्र फर्साराम आचार्य द्धारा प्रस्तुत **समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था** विषयक शोधपत्र मेरो पूर्ण निर्देशनमा तयार गरिएको हो । वहाँले शोध पत्रका सम्पूर्ण कार्य पुरा गर्नु भएकोले मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

---------------------------
-

उप.प्रा.पुष्करराज रेग्मी

**शोध निर्देशक**

तानसेन बहुमुखी क्याम्पस

तानसेन, पाल्पा

मिति २०६७/०४/

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय अन्तरगत तानसेन बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र फर्सारााम आचार्यले शिक्षा शास्त्र संकाय शिक्षा योजना तथा व्यावस्थापन विभाग अन्तरगत शिक्षा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजन को लागि **समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था** शिर्षकमा शोधअध्ययन पूरा गरि स्वीकृतिको लागि प्रस्तुत गर्नु भएको यो शोध पत्र यस मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| १. सह प्रा. डा. नेत्रप्रसाद न्यौपाने | विभागीय प्रमुख | .................................. |
| २. उप प्रा. पुष्करराज रेग्मी | शोध निर्देशक | ................................... |
| ३. प्रा.आनन्दमानसिंह शाक्य | बाह्य सुपरिवेक्षक | ................................... |
| ४. क्या. प्र. राधेश्याम ज्ञवाली | सदस्य | .................................. |

मितिः- २०६७/०५/

# कृतज्ञता ज्ञापन


त्रिभुवन विश्वविद्यालय अन्तरगत तानसेन वहुमुखी क्याम्पस शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि **समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था** शीर्षक शोधपत्र लेखन कार्य गरि प्रस्तुत गरेको छु ।

यस शोध अध्ययन कार्यमा सुरु देखि अन्त सम्म अत्यन्त सरल तथा सहज तरिका बाट नियमित निर्देशन र महत्वपूर्ण सुझावहरू दिई पथ प्रदशन गर्नु हुने शिक्षा योजना तथा व्यवस्थापन विभागका उप.प्रा.पुष्करराज रेग्मी ज्यू प्रति हृदय देखि नै आभार व्यक्त गर्न चाहन्छु । साथै यस शोधपत्र लेखन कार्यमा थप प्रेरणा तथा अवसर दिनुहुने तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री राधेश्याम ज्ञवालीज्यू तथा विभागीय प्रमुख सह.प्रा.डा. नेत्रप्रसाद न्यौपाने ज्यू प्रति हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधकार्यको अध्ययन र शोध कार्यको लेखन तथा कम्पूटर छपाई सम्वन्धि र्कायमा मेरै लागि दिन रात नभनि आफ्नो अमूल्य समय मलाई दिनुहुने ब्रहमाण्ड कम्प्युटर इन्सिच्यूट बुटवल १४ तामनगरका प्रोपाइटर श्री कमल गौतम र श्रीमती बिमला गौतम ज्यू तथा कम्प्युटर सेटिङ्ग गर्नुहुने भण्डारी कम्प्ययुनिकेशन तानसेन पाल्पाका गोविन्द भण्डारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । साथै आफु घर तथा विद्यालयको काममा अति व्यस्त रहेर पनि मलाई मेरो यो शोधकार्य लेखनप्रति उत्साह थपिदिने मेरी जीवनसंगिनी टिकादेवी आचार्य (ज्ञवाली)मा आभार प्रकट गर्दछु ।

मिति २०६७/०४/ **फर्सारामआचार्य**

# सोधसार

**समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था** विषयक यस शोधपत्र मा दुवै खाले विद्यालयहरूको अवस्था पत्ता लगाउदै समुदायमा  हस्तान्तरण भएका विद्यालय र अरु हस्तान्तरण नभएका विद्यालय भन्दा के कति हिसावले फरक रहेका छन् भन्ने विषयमा खोजी गर्ने प्रयास गरिएको छ ।

यस अध्ययनमा समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था बिषयक शोध पत्रमा समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था पत्ता लगाउने, तुलना गर्ने, समस्याहरूको पहिचान गरि समस्या समाधानका उपायहरू सुझाउने उद्देश्यहरू राखिएको छ ।

यो शोध पत्र गुणात्माक अध्ययन ढाँचामा आधारित छ । वास्तविकताको गहिराई सम्म पुगि यथार्थता बभ्mन गुणात्माक अध्ययन विधि नै उत्तम देखिएकाले अवलोकन, अन्तरवार्ता,समूह छलफल र दस्तावेज पुनरावलोकन गरिएको छ । जुन गुणत्माक अध्ययनका महत्वपूर्ण तत्वहरू  हुन । अध्ययनको उद्देश्य पूरागर्ने  उद्देश्य मुलक नमुना छनोट विधि अनुसार समूदायमा हस्तान्तरण भएका र नभएका दुई दुई वटा माध्यमिक विद्यालयहरूलाई नमुनाको रुपमा लिई तथ्याङ्क संकलनका लागि वि.व्य.स.का पदाधिकारीहरू, प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई छनोट गरिएको छ । यसका साथै अध्ययनको वैधता र विश्वसनीयता कायम गर्ने समुह छलफल र खुल्ला अन्तरवार्ता बाट आएका प्रतिक्रियाहरूलाई अवलोकन र अभिलेख संग भिडाउने तथा एक अर्का सगं त्रिकोणात्माक  सम्बन्ध समेत कायम गरी विष्लेशण गरिएको छ ।

प्रस्तुत अध्ययनमा समुदायमा हस्तान्तरण नभएका विद्यालय भन्दा हस्तान्तरण भएका विद्यालयहरूको आन्तरिक दक्षताको पक्ष सवल रहेको देखिएको छ । यसको कारणको रुपमा परीक्षा प्रणली गरिएको सुधार, वि.व्य.स.को सक्रिय भूमिका, अभिभावकहरूको विद्यालय प्रति सक्रियता, शिक्षक र विद्यार्थीहरूको नियमितता जस्ता कारणहरू मुख्य रुपमा देखिएको छ ।

कक्षा कार्य, गृहकार्य र आन्तरिक मूल्याङ्कन पद्धतिमा विद्यार्थीलाई संलग्न गराउने वातावरण निर्माण गर्न सक्दा आन्तरिक दक्षतामा बृद्धि हुने र वि.व्य.स. लगाएत विद्यालयका अन्य पक्षहरूमा समानुपातिक रुपले समाबेशिकरण गर्दा विद्यालय हाम्रो सामाजिक सम्पत्ति हो भन्ने धारणाको विकास हुने र यसले व्यवस्थापकीय पक्षमा समेत सुधार गर्न सकिने जस्ता निष्कर्ष निकालिएको छ ।

विद्यालयलाई समुदायद्धारा संचालन हुन प्रेरित गर्ने, शिक्षाका कार्यक्रमहरू ल्याउदा तल्लो निकायबाट पनि सल्लाह र सुझाव हरू लिनुपर्ने,थप प्रोत्साहन अनुदान उपलब्ध गराउदै जाने, वि.व्य.स.लाई अभिमुखिकरण कार्यक्रम र तालिम संचालन गर्ने, विद्यालयसंग सम्बन्धित गतिविधिहरू सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा संचालन गर्नु पर्ने यस शोधपत्रको सिफारिस रहेको छ ।

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृतिपत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| सोधसार | घ |
| विषयसूची | च |
| तालिका सूची | ज |
| **परिच्छेद एक : परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्यता | ६ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अनुसन्धनात्मक प्रश्नहरू | ७ |
| १.६ अध्ययनको परिसिमा | ८ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **९-१६** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ सैद्धान्तिक खाका | १३ |
| २.३ शैक्षिक उपादेयता | १५ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **१७-२०** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १७ |
| ३.२ जनसङ्ख्या र नमूना छनौट | १७ |
| ३.३ तथ्याङ्क संकलनका साधन | १८ |
| ३.४ तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रिया | १९ |

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण** **२०-३५**

४.१ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयको अवस्था २०

४.२ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या २९

४.३ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या समाधानका उपायहरू ३२

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू** **३५-४१**

५.१ प्राप्ति ३५

५.२ निष्कर्ष ३७

५.३ सुझावहरू ३८

सन्दर्भ सामग्री

परिशिष्ट

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | अर्न्तवार्तामा छनौट गरिएका उत्तरदाताहरू | १८ |
| २ | समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको शिक्षक कर्मचारीको अवस्था | २१ |
| ३ | समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात | २४ |
| ४ | समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको शिक्षक कर्मचारीको अवस्था | २५ |
| ५ | समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात | २७ |
| ६ | समुदायमा हस्तान्तरण भएका र नभएका दुवै विद्यालयहरूको विद्यार्थीहरूको उपस्थिति | २९ |